**निर्णय नं. १:-**,पुतलीबजार नगरपालिकाको फोहोर मेला व्यवस्थापन गर्ने कार्य अन्तर्गत फोहोर मैला व्यवस्थापन कार्यविधि २०७६ वमोजिम हाल सम्म सफाई केन्द्रमा संकलित सामाग्रीहरुको हकमा १० दिने खुल्ला विक्रि वितरणको सूचना प्रकाशन गर्ने र पर्न आए दरभाउपत्र दाता मध्येबाट सवै भन्दा बढी आइटममा कवोल गर्ने वाला फर्मलाई संकलित फोहोर तथा सामाग्री उपलव्ध गराउने निर्णय गरियो । साथै उक्त कार्यविधि वमोजिम नीजि क्षेत्रसंग साझेदारीमा फोहोर मैला व्यवस्थापनको प्रबन्ध गर्न आवश्यक प्रस्ताव तथा परियोजना पेश गर्ने कार्यका लागि ३० दिने प्रस्ताव तथा परियोजना पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** यस नगरपालिका अन्तर्गत सन्चालित सामी परियोजना कार्यक्रमको मार्ग दर्शन वमोजिम यस पालिकाबाटै उक्त कार्यक्रम सञ्चालन गरिने भएकोले कार्यान्वयन प्रक्रिया अगाडि बढाउन कर्मचारी पद पूर्तिको सूचना आव्हान तथा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**,पु.व.न.पा.नगर शिक्षा समिति द्वारा कार्यपालिकामा पेश भएको सामुदायिक विद्यालय समायोजन कार्यविधि २०७९, परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**, यस नगरपालिका भित्रका विभिन्न नदी नालाका ढुंङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तरको उत्खनन तथा विक्रि वन्दोवस्त गर्ने कार्यका लागि बिधि सम्मत छनौट भएको परामर्शदाताद्धारा तयार भई प्राविधिक समितिद्धारा पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

**तुंलसी राम रेग्मी**
**नगर प्रमुख**

निर्णय प्रमाणित
०६।५।१४